# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, मंसिर ४ गते, २०८२ साल (संख्या ४४


## भाग ३

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर २८

### सशस्त्र प्रहरी (चौथो संशोधन) नियमावली, २०८२

सशस्त्र प्रहरी नियमावली, २०७२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "सशस्त्र प्रहरी (चौथो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ३८ मा संशोधन</u>** : सशस्त्र प्रहरी नियमावली, २०७२ (यसपछि “मूल नियमावली” भनिएको) को नियम ३८ को उपनियम (२) झिकिएको छ ।

३. **<u>मूल नियमावलीको नियम ७६ मा संशोधन</u>** : मूल नियमावलीको नियम ७६ को उपनियम (२) मा रहेका " वा त्यस्तै अन्य समूह विरुद्धको कारबाहीमा खटिएका बखत कुनै आकस्मिक दुर्घटनामा परी" भन्ने शब्दहरु पछि "वा विपद् प्रतिकार्य सम्बन्धी काम कारबाहीमा खटिएका बखत दुर्घटनामा परी" भन्ने शब्दहरू थपिएका छन् ।

४. **<u>मूल नियमावलीको नियम ८० मा संशोधन</u>** : मूल नियमावलीको नियम ८० को खण्ड (ख) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएको छ :-

“(२) प्रतिनिधि, महालेखा नियन्त्रकको कार्यालयबाट तोकिएको कोष तथा लेखा नियन्त्रक कार्यालय -सदस्य”

५. **<u>मूल नियमावलीको नियम १५१क. थप</u>** : मूल नियमावलीको नियम १५१ पछि देहायको नियम १५१क. थपिएको छ :-

"**१५१क. <u>किताबखाना सम्बन्धी विशेष व्यवस्था</u>** : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरी किताबखाना स्थापना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नहुँदासम्म सशस्त्र प्रहरी किताबखानाले गर्ने कार्य समेत राष्ट्रिय किताबखाना (प्रहरी) ले गर्नेछ ।"

६. **मूल नियमावलीको अनुसूचीमा संशोधन** : मूल नियमावलीको अनुसूची-४ को प्रकरण (५) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कानूनमा स्नातक उपाधि प्राप्त गरेको,"

**आज्ञाले,**

**रामेश्वर दंगाल**

**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।